**Voice : A Biannual & Bilingual Journal**
*2024 June, Vol : 16, No. 1, pp.168-173*
DOI : https://doi.org/10.3126/voice.v16i1.67429

# वेदपुराणका रत्न भाग पाँच माथि विहङ्गम दृष्टि

बालकृष्ण शर्मा[1]

**Article Information : Received :** April 14, 2024 **Revised :** May 24, 2024 **Accepted :** June 22, 2024


## सारसङ्क्षेप

प्रस्तुत वेदपुराणका रत्नहरु (भाग ५) वैदिक साहित्य र सभ्यतामा रहेका अनमोल, असीम र कृयाशील बौद्धिक पात्रहरुको चरित्रोद्घाटन गराई नेपाली भक्तिमार्गमा आवृत्त गराउने यस कृतिमा वेद र उपनिषद्का सार, प्रकृति, ईश्वर र तिनका क्रियाकलापको चित्रण, आध्यात्मिक चिन्तन र पात्रहरुको प्रकृति र कर्तव्यलाई विशेष महत्वका साथ यसमा हेरिएको छ। वेदान्तको मूल भाव, जीवनको लक्ष्य प्राप्तिको लागि भौतिक सुख सयल नभई आध्यात्मिक चिन्तनलाई विशेष रुपले हेरिएको छ । धर्म, दर्शन र नैतिक शिक्षाको ज्ञान दिई नीतिशास्त्र, समाजशास्त्र, कला, वस्तुकला, संस्कृति धार्मिक दर्शनमा यो ग्रन्थ केन्द्रित रहेको। हरेक बौद्धिक दर्शनले आफ्नो पुस्ताको मौलिक दर्शन र प्रगतिको खास महत्त्व राखेको पाइन्छ। यस लेखको मुख्य अभिव्यक्ति पाइन्छ। धर्म भनेको धारणा गर्नुपर्ने देखिन्छ। यस लेखमा खास गरी वेद पुराणका महान् चारित्रीकरण गर्ने प्रयास गरिएको छ। पात्रको सत्कर्मबाट हामीले पाउनुपर्ने सन्देश यसमा यस कृतिबाट पाउन सकिन्छ। समग्रमा यस लेखलाई पुस्तकालयीय र कृतिकारसँगको अन्तर्वार्तालाई नै आधार बनाई साँस्कृतिक मूल्यचेत सहित इतिहासलाई चिनाउने प्रयास गरिएको छ।


**शब्दकुञ्जी :** संहिता, ताण्डवस्त्रोत्र सभासद, विधान, निशाना, शिवत्व, कुण्ड, पराक्रम, रजस्वला

[1]आंशिक शिक्षक, त्रिभुवन विश्व विद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगंज
इमेल : balkrishnasharma746@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## विषयपरिचय

प्रा.डा.वीणा पौड्याल नेपाली इतिहास, संस्कृति तथा पुरातत्व शास्त्र विभागकी पूर्व विभागाध्यक्ष हुन् । उनले वैदिक धर्मशास्त्र र त्यहाँका महान् पात्रहरुको औपचारिक अध्ययन गर्दै पात्रहरुको सत्चिन्तन र वैदिक मार्ग दर्शनलाई अगाडि बढाउने काम गरेकी छिन् । वेदपुराणको रत्नहरु (भाग ५) (२०७८) एक अन्वेणणयुक्त सूक्ष्म अध्ययन गरी लेखिएको कृति हो । वेद उपनिषद् तथा धर्मशास्त्रको सार सङ्क्षेप यस कृतिमा प्रस्तुत गरेकी छिन् ।

उनी स्वयं भन्छिन्, "चारवेद (यजुर्वेद, ऋग्वेद, सामवेद र अथर्ववेद) र १०८ उपनिषद्मा आधारित भएर थुप्रै स्मृति, पुराण, महाकाव्य, रामायण, महाभारत लेखिएका छन् । धेरै टिकाकारहरुले १२ उपनिषद्लाई प्रमुख मानेका छन् । त्यही धर्मको सार चुरो नबुझेर समाजको एउटा ठूलो जमात अन्धविश्वासको शिकार भइरहेको छ । धर्मप्रति आस्था घटाउने, धर्मलाई बदनाम बनाउने, मूलतत्व नै त्यही हो (पौड्याल, २०७८, पृ.६) ।"

मूलतः वैदिक सभ्यताका जाज्वल्यमान पात्रहरुका विष्मात विशेषताहरुलाई झल्काउँदै उनले गायत्री अप्सरा, परशुराम, श्रीकृष्ण, मेनका, हनुमान, राम, ऋषि, नारद, रावणजस्ता सतकार्य र खलभाव दुवैका अद्भुत गुणहरुको चर्चा गर्दै उनीहरुको यो जीवनीबाट हामीले अपूर्व प्रेरणा पाउने छौं भन्ने मूल अभिप्राय व्यक्त गरेकी छिन् । यस किसिमको विचार प्रस्तुति गरेकी छिन्, "काम, क्रोध, लोभ, मोह, ईर्ष्या, ममता, अहङ्कार र मदलाई त्यागेर निष्काम कर्म गर्ने शिक्षा हाम्रा शास्त्रहरुले वर्णन गरेका छन् । परोपकार गर्नु पूण्य हो र अरुलाई पिर पार्नु पाप हो भन्ने मनन हामीले आफ्नो दिनचर्या बनाएर सकारात्मक सोच लिएर अगाडि बढ्नुपर्छ (पौड्याल २०७८, पृ. २०७८) ।"

यसै सन्दर्भमा बालकृष्ण समले हाम्रा पूर्वज ऋषिहरुको दृष्टिलाई साह्रै सुन्दर ढङ्गले वर्णन गरेका छन्, "हाम्रा पूर्वज ऋषिहरुले हिमवन्तलाई सुन्दर होइन ईश्वरको आधारमा उभिएको देखे, उषा र सन्ध्यालाई इन्द्रका स्त्रीहरु देखे, पात हिलाउने वायुलाई देवता भने उसवेलाको धारणा नै त्यही थियो । त्यस्तै परम्परामा नेपाली जाति हुर्क्यो (सम, २०३२, पृ.८) ।"

यसरी यस ग्रन्थमा हाम्रा ऋषिमुनिहरुले गरेका विषय नै वेद, उपनिषद्, पुराण स्मृति महाकाव्यमा पाइन्छ । त्यहाँ तिनै सत्पात्रलाई देखाउन पनि यो ग्रन्थ निकै सफल मानिएको छ । वैदिक देवी देवताका अलौकिक कार्यले सबैलाई प्रेरणा दिने र पाठकलाई आत्माबोध गाराई संसारमा शान्ति, दया, क्षमा, ममता, धीरता, दम, त्याग, उत्साह, बलिदान र आत्माप्रतिज्ञा जस्ता मानवीय गुणहरुले नै जीवनमा सफलता पाइन्छ भन्ने चेतना यस ग्रन्थमा दिएकी छिन् । आप्ऱनो स्वधर्म, परिपालन र यी विविध कुराको कारणले पनि यस कुराको ज्ञान दिने गर्दछ र भौतिक सुख, सयल र आध्यात्मिक ज्ञानद्वारा नै जीवनमा सार्थकता पाउन सकिन्छ भन्ने भाव यस ग्रन्थका प्रस्तुत गरिएको छ ।

**अध्ययन विधि** : कृतिकारको प्रत्यक्ष भेटघाट र पुस्तकालयीय अध्ययन गरी जम्मा दुई किसिमको विधिप्रयोग गरी यसको अध्ययन र विश्लेषण गरिएको छ । पुराणहरुका गम्भीर विष्यहरुमा असत पात्रहरुलाई स्पष्ट रुपमा देखाउने प्रयास गरिएको छ । सानो भन्दा सानो कुरालाई पनि विशिष्टता प्रदान गर्दै यस ग्रन्थको अध्ययन गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत अध्ययन संस्कृतिसँग सम्बन्धित रहेकोले गुणात्मक/आगमनात्मक, कृति समीक्षात्मक पद्धति र सम्बन्धित विषयको पुस्तक र अन्य सन्दर्भग्रन्थको सहयोग लगिएको छ ।

## सैद्धान्तिक अवधारणा

प्रस्तुत अध्ययन सांस्कृतिक चिन्तन र विषयवस्तुमा आधारित भएकाले व्याख्यात्मक सिद्धान्तमा आधारित रहेको छ। यसका अतिरिक्त यसमा ग्रन्थकारले वेद पुराणमा उत्कीर्ण महान् पुरुषहरुको वैशिष्ट्यतालाई दशाउन उनीहरुका कार्य र जीवनशैलीलाई उच्च गहनताका साथ उल्लेख गरेका छन्। मानवशास्त्री क्लिफोर्ड गिर्जका अनुसार संस्कृतिहरु जालो हुन्। यिनीहरुको अर्थ गहन हुने भएकोले गहन व्याख्या र वर्णनबाट मात्र सम्भव छन। यस अर्थमा यस्ता महान् ऋषि र देवत्वका गणबाट हामलि आफ्नो प्रवृत्तिलाई बदल्ने सोच परिवर्तन गर्नु पर्ने आवश्यकता औँल्याइएको छ। पुस्तक पढेर र ग्रन्थकारबाट प्राप्त भएका जानकारीहरुलाई देखाउने कामले गर्दा यसमा प्रतीकात्मक सिद्धान्त अवलम्बन गरिएको छ।

### वीणा पौड्यालका वेद पुराणका रत्नहरु नामक ग्रन्थहरु

वीणा पौड्यालका यस अघि चार वटा सङ्ख्यामा प्रकाशित भइसकेका छन्। यो पाँचौं कृति २०७८ विद्यार्थी पुस्तक भण्डार, कमलपोखरी काठमाडौँबाट प्रकाशित भएको पुस्तकाकार कृति रहेको छ। प्रा.डा. शिवगोपाल रिसाल र प्रा.डा. प्रेमकुमार खत्रीद्वारा लिखित भूमिकामा पनि उहाँको समादरणीय प्रस्तुत पाइन्छ।

वेद पुराणका रत्नहरु (भाग ५) मा वेदमाता गायत्रीको चर्चा गरिएको छ। गायत्रीको महत्व र यसले मानवको अन्तरहृदयमा पारेको सकारात्मक चिन्तन र चर्चा परिचर्चालाई सरल भाषाशैलीमा परिचय दिइएको छ। गायत्री मन्त्र र माताका साधकहरुको बारेमा पनि शास्त्रहरुमा उल्लेख गरिएको छ। गायत्रीको मन्त्र पठन गर्न निकै कठिन मानिन्छ। नौ ग्रह र १२ महिनालाई गुणा गरेर निस्कने सङ्ख्या १०८ लाई मान्यता दिएर यस मन्त्रलाई १०८ पटक जप गर्ने विधान छ (पौड्याल, पृ.११)।

यसरी गायत्रीका विषयमा चर्चा गर्दा सन्ध्योपासना वा प्रातःकालमा आफ्नो चित्त शुद्धि र कर्मशुद्धि बनाउने महामन्त्र वा तत्त्वदर्शी वेदको गायत्री मन्त्र मानिएको छ। गायत्री मन्त्र र माताका साधकहरुको बारेमा पनि उनले चर्चा गरेको पाइन्छ। गायत्रीको मन्त्र जप ५-७ वा १०८ सम्म पनि गर्न सक्ने प्रावधान रहेको छ।

### धनसम्पत्तिका रक्षक कुवेर

यसैगरी तेस्रो शीर्षक मा पनि कुवेरलाई धनको मालिक भनी वर्णन गरिएको छ। कुवेरलाई उत्तर दिशानुसार मालिकको रुपमा चिनाइएको छ। सुवर्ण भरी लङ्का पाएर प्रसन्न भएको, जसलाई जलपरी भनिएको छ। कुवेरको प्रतिभा, लक्षण, वर्णन, कुवेरले हातमा गदा, निधि, वीजपूरक, कमण्डलु हातमा लिएको देखाइका छन्। मनुस्मृतिमा पनि चार लोकपालको वर्णन गर्ने काममा कुवेरको बारेमा उल्लेख गरिएको छ। नारद र कामवाणको प्रसङ्ग, नारद र ऋषिबिचको प्रसङ्गसमेत त्यस अध्यायमा चर्चा गरिएको छ।

त्यस्तै धनसम्पत्तिका मालिक कुवेरको पनि चर्चा गरेको पाइन्छ। कुवेरर्लाइ उत्तर दिशाका मालिक एक धनरक्षक वैदिक देवताको रुपमा परिचित गराइएको पाइन्छ। शिवका भक्त कुवेर देवताको सम्पत्तिको रक्षा गर्ने ईश्वरको रुपमा उल्ले ख गरिएको पाइन्छ। कुवेरको सभाको वर्णन, वेद उपनिषद्का ज्ञाता कुवेरको धैर्यता र शिलता उनको पारङ्गत अर्थनीतिजस्ता विशेषता भएको सन्दर्भ देखिन्छ। प्रा.डा. पौड्यालले लेख्नुहुन्छ, "मूर्ति विधानमा दिक्पालको कल्पना प्राचीन समयदेखि नै थियो। इन्द्र, अग्नि, यम, वरुण, पवन, कुवेर, र ईशानलाई अष्ट दिक्पालको रुपमा आह्वान

गरिएको पाइन्छ । अपराजितपृच्छकै आधारमा पनि दिक्पालको आयु, वाहन, दिशा आदिको विस्तृत विवरण पाइन्छ (श्रीवास्तव २०४१, रुपमण्डन, पृ.४४) । यसरी कैयन शिव मन्दिरहरुमा कुवेरका मूर्तिहरु पनि स्थापित गरिएका हुन्छन् ।

**विषयवस्तु**

अर्को अध्यायमा प्रेम र सुन्दरताको देवता कामदेवको विषयमा पनि चर्चा गरिएको छ । उहाँले कामदेवलाई प्रेम, काम र सुन्दरताको प्रतीकको रुपमा सम्मान र उपासना गरेको प्रसङ्ग उठाइएको छ । उहाले कामदेवलाई सम्पूर्ण प्राणीमा प्रेम, कामको भावना सँगसँगै आफ्नो प्रजाति वृद्धि गर्ने इच्छा स्वतःस्फूर्त हुन कामवाणको प्रहार गर्ने जिम्मा दिनुभयो । ती सुन्दर पुरुषको वाणलाई पनि रोक्न नसक्ने तथ्यलाई उजागर गर्नुभयो (पौड्याल, पृ४५) भनिएको छ ।

यसै गरी उहाँले पाँचौं अध्यायमा पनि अप्सरा मेनकाको प्रसङ्गमा समेत चर्चा गर्नुभएको छ । इन्द्रको सभामा नाचगान गर्ने स्वर्गको नर्तकी नै अप्सरा मानिन्छन् । अप्सराहरु अत्यन्तै सुन्दर र कमनीय स्वरुपकी हुन्छिन् । उनले रावणको विषयमा चर्चा परिचर्चा गर्दा ‘लङ्काका राजा दशानन रावण’ शीर्षकमा राखेको धारणा यस्तो रहेको पाइन्छ :

> महाभारत र वाल्मीकि रामायणमा रावणको जन्मको सविस्तार वर्णन गरिएको छ । सबैभन्दा प्राचीन वाल्मीकि रामायण भएकाले त्यसकै आधारमा अरु रामायण र रामोपाख्यान रचना गरेको पाइन्छ । दश टाउको, बिस हात भएको कालो वर्णको रावणको बाजेको नाम पुलस्त्य ऋषि, बाबुको नाम विश्रवा र आमाको नाम कैकयी थियो । रावणलाई युद्धमा मारेपश्चात् रावणको भाइ सहस्रनानलाई सीताले कालीको रुप धारण गरेर बध गरेको वर्णन पनि छ ।(पौड्याल २०८०, पृ.३)

यसरी रामायणमा समेत रावणलाई डरलाग्दो, भयङ्कर निशाचरको रुपमा व्याख्या गरिएको पाइन्छ । एक अलौकिक पात्रको प्रायेग गरी पात्रीय चरित्रोद्घाटन गराउनु नै उनको भनाइबाट स्पष्ट हुन आउँछ ।

यस ग्रन्थको आठौं अध्यायमा ‘श्रीकृष्णका आठरानी’को प्रसङ्ग ल्याइएको छ । जसमा वैष्णव सम्प्रदायभित्रका प्रमुख देवता कृष्ण र उनको जीवनी सम्बन्धी विषद् चर्चा परिचर्चा गरिएको छ । महाभारत र पूराणमा कृष्णको जन्म, शिक्षा, विवाह, अवतारको उद्देश्य, गोपिनी, ग्वालाहरुको अनन्य प्रेम, रासलीला, वेदान्त दर्शनको व्याख्या, रुक्मिणी, सत्यभामाको प्रसङ्ग, कालिदी, मित्र विन्दा, सत्या, भद्रा र लक्षणाजस्ता नारीपात्रको विषयमा चर्चा गरिएको छ । कृष्णको अलौकिक कर्म, जीवन जगत्को उत्पत्ति र संहार, विनासको कारण, अध्यात्मिक, आदिवैदिक, आधिभौतिक, तापको विनास गर्ने सच्चिदानन्द स्वरुप भगवान्को प्रसङ्गलाई समेत जोडेको पाइन्छ । ग्रन्थकारले कृष्णको चारित्रिक विशेषतालाई झल्काउँदै भन्छिन्, “कृष्णले जुन भागवत धर्मको प्रवर्तन गर्नुभयो समय क्रममा उहाँलाई नै उपास्य भनियो । दर्शनमा इतिहासको उदात्तकिरण भयो कृष्णलाई ईश्वरत्व र ब्रह्मपद प्राप्त भयो । वैष्णव धर्मको सम्प्रदाय र उपसम्प्रदायका बिच व्यापक धर्मको रुपमा स्थापित भयो । वैष्णव धर्ममा राम र कृष्णको पूजा गर्ने प्रमुख दुई शाखाले मान्यता पाएको छ (पौड्याल, २०८०, पृ. २०१०) ।” यसरी भगवान् कृष्णको स्वरुपलाई उनले विस्तृत रुपमा चिनाउने प्रयास गरेकी छिन् । उनको यो विश्लेषणले वैष्णव धर्मको परिचय र प्रभावलाई पनि सूक्ष्म रुपमा देखाउने प्रयास गरिएको छ ।

ग्रन्थकार पौड्यालको अन्तिम आठौं अध्यायमा दुयौधनको विषद् चर्चा परिचर्चा गरिएको छ । यसमा दुर्योधनको बलबुद्धि भ्रष्ट भएको र अहंकारले पतनतिर जान लागेको प्रसङ्गलाई समेत देखाइएको छ । लडाइँमा जित्न नसकिने

लडाकुको प्रतीकात्मक रुपमा दुर्योधनलाई लिन सकिन्छ । उनले दुर्योधनको विषयमा स्पष्ट पार्दै भनेकी छिन्

> “दद्र्योधनले जथाभावी गाली गरे पनि विदद्ररले हार नमानेर सम्झाउन छाडेनन् । मन्द बद्रद्धि भएकालाई कल्याणको मार्गमा लगाउन सकिँदैन । कद्रमारी कन्या केटीलाई साठी वर्षका बद्रढा पति मन नपरेको जस्तै भरतवंश शिरोमणि दद्र्योधनलाई मेरो उपदेश रुचिकर लाग्दैन । राजन ! तपाईं चिप्ला कद्रामात्र सद्रन्न चाहनद्रहद्रन्छ भने स्त्री, मूर्ख, लँगडा र त्यस्तै प्रकारका मानिसहरुबाट पनि सल्लाह लिने गनर्द्रहोस् (पौड्याल, पृ. २२१) ।

छैटौँ शीर्षकमा परशुरामको आमा रेणुकाको विषयमा चर्चा गरिएको छ । रेणुका र जमदग्नीका पाँच जना छोराहरुको चर्चा गरिएको छ । यिनको कठोर तपस्या र त्यसको कारणले विजय प्राप्त गरेको प्रसङ्ग पाइन्छ ।

यसरी उक्त ग्रन्थमा महाभारत युद्धका विभिन्न व्युहरुको पनि रचना गरिएको छ । ती व्युहरुको सचित्र देखाउने कार्य भएको छ । व्युका विभिन्न नामहरु जस्तै गरुड, अर्धत्रन्द्राकार, मण्डलाकार, चक्रव्यूह, औरमीव्युह, चक्रशटक व्यूह, बज्रव्यूह, क्रौन्चव्यूह आदि रहेका छन् । यी व्यूहहरु भगवान्का आयूधका रुपमा प्रतिपादित भएका छन् ।

## उपसंहार

नेपाली संस्कृति र सभ्यताकी एक कुशल नारी ग्रन्थकारी प्रा.डा. वीणा पौड्यालले वेदपुराणका केही रत्नहरु (वि.सं. २०६२) देखि वेदपुराणका केही रत्नहरु (२०७८) भागसम्म आइपुग्दा वेदमा वर्णित महान् र ......, अनुकरणीय कार्य र प्रतिभा भएका वैदिक देवीदेवताको चर्चा गरिएको छ । उक्त ग्रन्थमा वैदिक आर्य सभ्यता र संस्कृतिका देवदे वीका प्रसङ्गदेखि लिएर उत्तर मध्यकालसम्मको धार्मिक र सांस्कृतिक प्रभाव देखाउन सक्ने देवदेवीका पात्रहरुलाई उभ्याइएको छ । मन्त्र, संहिता, पुराण आदिको चर्चा गरिएको पाइन्छ । यसरी विभिन्न कोणबाट विश्लेषण गर्दा यस ग्रन्थले वेदमाता गायत्री, प्रार्थना र चिन्तन पुनश्चरण विधि र प्रयोग धनसम्पत्तिका रक्षक कुवेर र उनको महानता र सम्पन्नता प्रेमका प्रतीक देवता कामदेव, मेनका र अप्सराको परिचय परशुरामकी आमा मेनका, लङ्काका राजा दशानन रावण र रावण सकारात्मक पक्ष जस्ता विषय सन्दर्भमा यो कृति केन्द्रिकृत रहेको छ ।

कृष्णका आठरानीहरुका प्रसङ्ग, गान्धारीपुत्र दुर्योधन र उनको अभिमान तर ऐश्वर्यमान जस्ता विशेषताले भरिएको कृति रहेको छ । यस ग्रन्थको मूल ध्यय भनेको नै धर्म, दर्शन र नैतिक शिक्षाको भण्डारको रुपमा रहेको वेद पुराण, रामायण, महाभारत र अन्य धर्मावलम्बीका लागि पनि महत्त्वपूर्ण ग्रन्थका रुपमा परिचित रहेको पाइन्छ । नीतिशास्त्र, समाजशास्त्र, वास्तुशास्त्र, कलाकृति, शक्ति वीर, वैभव, परोपकार, सत्यवादी, धर्मपरायण, आज्ञाकारी जस्ता विशेषताले भरिपूर्ण भएको ग्रन्थका रुपमा परिचित छ । आज धर्मको सार कुरो पनि स्वर्धकासमभाव पालना गर्दै अघि बढ्दछ भन्नेकुरामा कसैको पनि दुई मत छैन । सम्भवतः नेपाली भाषामा लेखिएको वेद तथा पुराणहरुको महान् गाथा र गौरवको वर्णन गरिएकोले यसको उपादेयता निकै महत्त्वपूर्ण रहेको छ । वेद र उपनिषद्को गाथा चक्रमा नै आधारित भई नेपाली संस्कृतिको भावनालाई उजागर गर्ने प्रचास यस ग्रन्थमा रचना भएको पाइन्छ । यसरी यो ग्रन्थले हाम्रो इतिहास, संस्कृति र पुरातत्त्व बुझ्ने एउटा प्रमुख स्रोत धर्म हो तर धर्मको नाउँमा केवल कर्मकाण्ड र पूजापाठभाव नभई यसको सही सदुपयोग गरी आफ्नो कर्तव्यपथमा लाग्ने अभिप्रेरणा दिनु पनि एक उत्कृष्ट लक्ष्य हो भन्न सकिन्छ । ज्ञानको स्रोत र कला वास्तुकलाका विविध विषयलाई समन्वित गरी यस्ता वेदका रत्नलाई साभार पार्ने काम अत्यन्त जरुरी मानिन्छ ।

## सन्दर्भग्रन्थसूची

सुवेदी, राजेन्द्र (२०७३), सांस्कृतिक अध्ययन र नेपाली साहित्य, काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

लामिछाने, मनोहर (२०७४), लोकवार्ताका केही पक्ष, काठमाडौँ : ब्रदर्स बुक्स प्रकाशन ।

आचार्य, गोविनद (२०६३), राप्ती लोकसाहित्य, काठमाडौँ : पैरवी प्रकाशन ।

खनाल, सरस्वती कुमारी (२०७०), सल्यान जिल्ला दक्षिणपूर्वी क्षेत्रमा प्रचलित लोककथाहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण, अप्रकाशित स्नातकोत्तर शोधपत्र महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज ।

पौडेल, वीणा (२०७९), वेद पुराणका रत्नहरु भाग-५, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, वीणा (२०७९), वेद पुराणका रत्नहरु भाग-४, काठमाडौँ : समी प्रकाशन ।